का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ पुस २०८०,
शनिबार
30 December 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २१, अंक ३२५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# बालकुमारीमै अस्तायो कोरिया सपना

कोरिया पुगेर आर्थिक अवस्था सुधार्ने सपना बुनिरहेका सुजन रावत र वीरेन्द्र शाहको शुक्रबार बालकुमारीमा प्रहरीले गोली चलाउँदा निधन भयो । उनीहरु भाषा परीक्षामा सहभागी हुन पाउनुपर्ने माग राखेर भएको प्रदर्शनमा सहभागी थिए ।

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

वीरेन्द्र शाह दुई वर्ष अगाडि काठमाडौं आएका थिए । अछामको चौरपाटी गाउँपालिका-१, सिउडीका २३ वर्षीय शाहको सपना भने काठमाडौं मात्रै थिएन । उनी दक्षिण कोरिया जान चाहन्थे ।

कोरिया जानकै लागि वीरेन्द्रले कोरिया भाषा पढेका थिए । छिमेकीहरुका अनुसार, वीरेन्द्र गएको दशैंमा मात्रै घर गएका थिए ।

त्यो बेला कोरियामा पानी जहाज निर्माण क्षेत्रमा काम गर्नेहरुका लागि भाषा परीक्षा चलेको थियो । ३५ हजार बढीले परीक्षा दिएका मध्ये ३ हजार ९ सयले नाम निकालेका थिए । त्यसमा वीरेन्द्र परेनन् ।


फेरि गत १९ मंसिरमा खुलेको अवसरमा पानी जहाज निर्माणका लागि भाषा परीक्षा दिएकाहरुलाई अवसर दिइएको थिएन । त्यसविरुद्ध शुक्रबार आक्रोशित युवाहरुको भीडमा वीरेन्द्र पनि थिए । जसलाई प्रहरीको गोली लाग्यो । प्रहरीको गोली लागेर घाइते वीरेन्द्रलाई पाटन अस्पताल लगिएको थियो । तर उनी बाँच्न सकेनन् ।

काठमाडौंमा प्रहरीको गोली लागेर छोराको मृत्यु भएको खबरले अछाममा रहेकी आमा बेहोस् बनेकी छन् । बुवा टेकबहादुर छोरा वीरेन्द्रको शव बुझ्न काठमाडौं हिडेका छन् ।

छिमेकीका अनुसार, वीरेन्द्रका बुवा प्यारालाइसिसका बिरामी छन् । दाजु भारततिरै बस्छन् । बुढेशकाल लागेका बुवाआमा हेर्नुपर्ने दायित्व रहेका वीरेन्द्र कोरिया जाने सपनामा थिए । उनले घरमा पनि चिन्ता नगर्न भनेर विदा मागेका थिए । कक्षा १२ सम्म पढेका उनले डडेलधुराबाट जेटिए पनि अध्ययन गरेका थिए ।

बालकुमारीमा अर्का युवा सुजन रावतको पनि शुक्रबार निधन भएको छ । उनी पनि कोरिया जान फारम भर्न पाउनुपर्ने माग राखेर भएको प्रदर्शनमा सहभागी थिए ।

महाबु गाउँपालिका-६, दैलेखका रावतलाई अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषणा गरेका थिए । उनलाई गोली लागेको छैन । तर छातीमा निलडाम देखिन्छ । प्रहरीको आक्रमणका क्रममा उनी सडकमै ढलेका पृष्ठ २ मा







बालकुमारीमा भौतिक पूर्वाधार मन्त्रीको गाडी जल्दै । मृतक वीरेन्द्र शाह (माथि), सुजन रावत (तल) ।

## यसअघि परीक्षा दिएकालाई पनि अवसर

**काठमाडौं/मस-** ईपीएस शाखा ग्वार्कोले सिप बिल्डिङमा परीक्षा दिएका सबैलाई 'म्यानुफ्याक्चरिङ सेक्टर' मा सहभागी गराउन उच्च अदालत पाटनले दिएको आदेशको कार्यान्वयन रोजगारदाता मुलुक कोरियाको नीतिमा भरपर्ने बताएको छ ।

उच्च अदालत पाटनले मंसिरमा खुलेको सिप बिल्डिङमा आवेदन दिइसकेका सबैलाई 'म्यानुफ्याक्चरिङ सेक्टर' को परीक्षामा पनि सहभागी गराउन शुक्रबार आदेश दिएको हो । उच्च अदालत पाटनकै बिहीबारको आदेशपछि सिपबिल्डिङमा आवेदन दिइसकेका १८ जनालाई 'म्यानुफ्याक्चरिङ सेक्टर' मा फर्म भर्न शाखाले बोलाएको थियो । इपीएस कोरिया शाखाका अनुसार, पृष्ठ २ मा

## आक्रोशित युवाहरुले जलाए मन्त्रीको गाडी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

दक्षिण कोरिया जान भाषा परीक्षा दिन पाउनुपर्ने माग राखेर प्रदर्शनमा उत्रिएका दुई युवाको शुक्रबार ज्यान गएको छ । प्रदर्शनकारीले बालकुमारी पुगेका भौतिक यातायात तथा पूर्वाधार मन्त्री प्रकाश ज्वालाको गाडी जलाएका थिए ।

उक्त गाडी जलाएपछि प्रहरीले गोली चलाउँदा दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको मृत्यु भएको हो । रावत र शाह भाषा परीक्षाका लागि फारम भर्न ग्वार्कोस्थित रोजगार अनुमति प्रणाली (ईपीएस) कार्यालय गएका थिए ।

तर ईपीएस कार्यालयले उच्च अदालत पाटनमा मुद्दा दर्ता गर्न १८ जनालाई मात्रै फारम भर्न दियो । तर गत साउनमा पानी जहाज निर्माण क्षेत्रका लागि आवेदन अरु युवाहरुले पनि फारम भर्न पाउने आशामा त्यहाँ पुगेका थिए ।

ईपीएस कार्यालयले भने सन् २०२३ मा पानी जहाज निर्माणका निम्ति फारम भरेर अनुत्तीर्ण हुनेहरुले गत २-६ पुसमा भाषा परीक्षा आवेदन खुलेको उत्पादन क्षेत्रमा फारम भर्न नपाउने सूचना जारी गरेको थियो । त्यसपछि आक्रोशित युवाहरुले मन्त्रीको गाडी जलाए ।

गाडी जलाए पछि अरु सार्वजनिक गाडीमा पनि आक्रमण भयो । प्रहरीले अवस्था नियन्त्रणमा लिन अश्रुँग्याँस प्रहार मात्रै गरेन, गोली समेत चलायो । नेपाल प्रहरीका प्रवक्ता कुवेर कडायतका अनुसार घटनापछि गम्भीर घाइते भएर उपचारका लागि अस्पताल लगिएका सुजन रावत र वीरेन्द्र शाहको पनि भयो ।

दुई हजार पनि युवाहरु नरहेको ठाउँमा प्रहरीले गोली चलाउनु र अनि दुई युवकको मृत्यु भएकोमा अनेक आशंका भइरहेको छ । शाहलाई गोली पृष्ठ २ मा



# सन्दीप लामिछाने दोषी ठहर

लामिछानेले पाउने सजाय निर्धारण हुन बाँकी । पीडित बालिक रहेको फैसला ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १३ पुस ।

क्रिकेटर सन्दीप लामिछाने बलात्कार मुद्दामा दोषी ठहर भएका छन् । काठमाडौं जिल्ला अदालतमा शुक्रबार दुवैतर्फका वकिलहरुले बहस सकेपछि न्यायाधीश शिशिरराज ढकालको इजलासले उनलाई दोषी ठहर गरेको हो । फैसलाअघि लामिछानेको पक्षका कानुन व्यवसायी र पीडित 'गौशाला २६'ले आफ्ना कुरा राखेका थिए ।

दोषी ठहर भएका लामिछानेले पाउने सजाय भने तोक्न बाँकी छ । ३ वर्षभन्दा बढी कैद सजाय हुने मुद्दामा कसुर निर्धारणका लागि छुट्टै सुनुवाइ गर्नुपर्ने भएकाले उनलाई कति वर्ष कैद सजाय हुने भन्ने अझैं स्पष्ट भएको छैन् । उनको सजाय निर्धारणका लागि पुस २५ मा अर्को पेशी तोकिने छ । लामिछानेले पाउने सजाय र पीडितले पाउने क्षतिपूर्ति पनि पुस २५ पछि नै तोकिने छ ।

त्यस्तै अदालतले पीडित 'गौशाला २६' नाबालिग रहेको समेत फैसला गरेको छ । पीडित बालिक भए पनि उनको कमजोर नाजुक अवस्थाको फाइदा उठाउँदै लामिछानेले जबर्जस्ती करणी गरको अदालतको ठहर छ । अदालतले 'घटना हुँदाको दिनको दुवै जनाको क्रियाकलापको समेत घटनाक्रम समेतलाई विचार गर्दा' करणी भएको देखिएको भनेको छ।

नेपालको राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान समेत रहेका लामिछानेविरुद्ध २१ भदौ २०७९ मा जबरजस्ती करणीको उजुरी परेको थियो । उजुरीमा पीडितलाई नगरकोट लगेको र राति फर्केर पिंगलास्थानस्थित होटल पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# घिमिरे वैदेशिक रोजगार विभागको नयाँ महानिर्देशक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ पुस



श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेलाई वैदेशिक रोजगार विभागको महानिर्देशकमा नियुक्त गरेको छ । दुई वर्षका लागि भनेर नियुक्त भएका तत्कालीन महानिर्देशक मदन दहालको सात महिनामा नै सरूवा भएपछि विभाग दुई हप्ताभन्दा लामो समयदेखि नेतृत्वविहीन थियो । तत्कालीन महानिर्देशक दाहाललाई श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा सरुवा गरिएको थियो ।

श्रम मन्त्रालयले शुक्रबार नयाँ महानिर्देशक पठाएको हो । नवनियुक्त महानिर्देशक घिमिरेले शुक्रबार नै पदबहाली गरेका छन् । यसअघि उनी मन्त्रालयको प्रवक्ताको जिम्मेवारीमा रहेपनि वैदेशिक रोजगार क्षेत्रमा रहेको समस्याको समाधान पहिचानको काममा संलग्न रहेका थिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुक्रबार नै महानिर्देशक घिमिरेलाई विभागमा स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गरेको छ ।

## अमेरिका र माल्टा पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारका लागि अमेरिका र माल्टा पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले हेमराज रेग्मीलाई वैदेशिक रोजगारीको लागि अमेरिका पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी गरेको उजुरीका आधारमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका वडा नं. ४ घर भइ हाल काठमाडौं महानगरपालिका वडा नं.२६ सामाखुसी बस्ने ४६ वर्षीया पार्वती थापालाई पक्राउ गरेको हो ।

थापाले रेग्मीलाई मासिक ३ लाख ५० हजार रुपैयाँ तलब हुने प्रलोभन देखाएर ३० लाख रुपैयाँ लाग्ने बताएकी थिइन् । त्यसपछि रेग्मीबाट १४ लाख ९० हजार रुपैयाँ लिएर थापा सम्पर्कविहीन भएकी थिइन् । प्रहरीले थापालाई काठमाडौंको सामाखुसीबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पृष्ठ २ मा

# दोमनमा मुख्यमन्त्रीहरु

**शिव बिक/मध्यान्ह**
काठमाडौं, १३ पुस ।



तस्बिर स्रोत : हेटौंडाखबर

संविधान अनुसार अधिकार माग्दै आएका सातै प्रदेशका मुख्यमन्त्रीहरु शुक्रबार बागमती प्रदेशको राजधानी मकवानपुरको हेटौंडामा भेला भए । अधिकार नदिए आन्दोलन गर्ने चेतावनी दिँदै आएका मुख्यमन्त्रीहरुले फेरि आन्दोलन गर्ने चेतावनी दिए ।

प्रहरी समायोजन र संघीय निजामति ऐन माग गर्दै प्रदेश सरकारहरुले अघिल्लो कार्यकालमै संघीय सरकारसँग माग गरेका हुन् । संघीयतामा गएको पहिलो कार्यकाल बिना सुरक्षा र प्रशासनिक अधिकारको प्रयोग प्रदेशहरुले गुजारे ।

दोस्रो कार्यकाल सुरु भएपछि पनि मुख्यमन्त्रीहरु निरन्तर संघीय सरकारसँग असन्तुष्टि पोखिरहहेका छन् । अधिकार नपाए आन्दोलन गर्ने, अदालत जाने चेतावनी दिइरहेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका लागि लडेका पुष्पकमल दाहाल प्रचण्ड नै प्रधानमन्त्री रहेका बेला समेत अधिकार नपाएको गूनासो प्रदेश सरकारहरुले गरिरहेका छन् ।

यसअघि सातै प्रदेशका मुख्यमन्त्रीहरुले गत असार १६ गते पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकका अधिकार मागेका थिए । उक्त निर्णय शीघ्र कार्यान्वयन गर्न आग्रह गर्दै आएका पृष्ठ २ मा

# सर्वोच्च अदालतद्वारा 'जनयुद्ध दिवस'को सार्वजनिक बिदा बदर




**काठमाडौं/मस**–सर्वोच्च अदालतले 'जनयुद्ध दिवस'को अवसरमा सरकारले दिँदै आएको सार्वजनिक बिदाको निर्णय बदर गरेको छ।

अधिवक्ता ज्ञानेन्द्रराज आरनले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको संयुक्त इजलासले फागुन १ गते जनयुद्ध दिवसमा बिदा दिने मन्त्रिपरिषद्को निर्णय बदर गरेको हो।

'हाल शान्ति प्रक्रिया तथा सङ्क्रमणकालिन न्यायसम्बन्धी विषय टुंगो लागिनसकेको, सो सम्बन्धी विधेयक संसद्मा विचाराधीन रहेको र नेपालको संविधानको प्रस्तावना बमोजिम शान्ति प्रक्रियाका सबै काम सम्पन्न हुन बाँकी रहेको अवस्थामा सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था संसदमा छलफल नगरी बिदा दिने निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ,' निर्णयमा भनिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा भएको मन्त्रिपरिषद् बैठकले २०७९ माघ २९ गते १ फागुनमा जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय गरेको थियो।

### बालकुमारीमै...

थिए। उनलाई साथीहरुले किष्ट अस्पताल लगेका थिए। सुजनको पिताको गत वर्ष १२ मंसिरमा क्यान्सरबाट मृत्यु भएको थियो।

पसल चलाएर गुजारा गर्ने सुजनको परिवार आर्थिक संकटमा परेको थियो। उनको बुवाको उपचारमै धेरै खर्च भएकाले सुजन कोरिया योजनामा लागेका थिए। आमा दैलेख नै छन्।

फेरि भाषा परीक्षा दिएर कोरिया जान पाउने आशमा शुक्रबार ईपीएसको कार्यालय पुगेका सुजनको बालकुमारी सडकमा मृत्यु भयो।

### आक्रोशित...

लागेपनि रावतको छातीमा डाम देखिएको छ। उनको मृत्युको कारण थप परीक्षणबाट थाहा हुने चिकित्सकहरुले बताएका छन्।

यो घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन थालेको छ। आयोगका प्रवक्ता टीकाराम पोखरेलका अनुसार घटनाका सम्बन्धमा मानव अधिकार आयोगले अनुगमन थालेको हो। आयोगले विज्ञप्ति निकालेर भनेको छ, '...प्रदर्शनमा उत्रिएका युवाहरुमाथि प्रहरीले बल प्रयोग गर्दा प्रहरी र प्रदर्शनकारीहरुबीच झडप भएको, झडपमा परी गम्भीर घाइते भएकामध्ये दुई जनाको उपचारको क्रममा मृत्यु भएको, अन्य थप केही घाइते भएका र केही प्रदर्शनकारीलाई प्रहरीले नियन्त्रणमा लिएको पाइएको छ।'

मन्त्रीको गाडीमा आगजानी र युवकहरुको मृत्यु भएपछि गृह मन्त्रालयले तीन सदस्यीय समिति गठन गरेको छ।उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठकाका अनुसार डीआइजी लाममणि आचार्यको संयोजकत्वमा गठित समितिमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धान विभागका एसपी बासु सिग्देल सदस्य छन्। उनीहरुलाई सात दिनभित्र घटनाको छानबिन गरी प्रतिवेदन दिन भनिएको छ।

### यसअघि...

ईपीएस प्रणालीबाट छनोट भई कोरिया जानका लागि कुनैपनि आवेदकले एउटा वर्षमा एक क्षेत्रमा मात्रै आवेदन दिन पाउने व्यवस्था छ। सोही व्यवस्थाका कारणले यसअघि सिपबिल्डिङका लागि आवेदन गरेकाहरूले 'म्यानुफ्याक्चरिङ' अर्थात् उत्पादन क्षेत्रमा आवेदन दिन पाएका थिएनन्। उच्च अदालत पाटनले शुक्रबार उत्पादन क्षेत्रमा आवेदन दिन सबैको लागि अधिकार रहेको आदेश गर्‍यो। कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीले अदालतको आदेश अनुसार यसअघि सिपबिल्डिङमा सहभागी सबैलाई उत्पादन क्षेत्रमा आवेदन दिन मौका दिइनेछ। तर, परीक्षामा सहभागी गराउने नगराउने निर्णय रोजगारदाता मुलुक कोरियाले गर्नेछ।

### सन्दीप...

काठमाडौं इनमा लगेर बलात्कार गरेको दाबी गरिएको थियो।

क्रिकेट खेलका क्रममा लामिछाने क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्न वेष्टइण्डिज पुगेका थिए। २० असोजमा नेपाल फर्किएका उनलार्य विमानस्थलबाटै पत्राउ गरिएको थियो। सरकारी वकिलको कार्यालयमार्फत उनीविरुद्ध बलात्कार चलाइएको थियो। जिल्ला अदालत काठमाडौंले उनलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। त्यसविरुद्ध उनी उच्च अदालतमा गएका थिए। उच्च अदालतले जिल्लाको आदेश उल्टाउँदै उनलाई २० लाख धरौटीमा छाड्न आदेश दियो थियो, तर विदेश जान रोक लगाइएको थियो। राष्ट्रिय टिममा परेका उनी खेलका लागि विदेश पनि जान पाउनुपर्ने माग गर्दै सर्वोच्च गएका थिए। १५ फागुन २०७९ मा सर्वोच्चले उनलाई खेलका लागि विदेश जाने अनुमति दिएको थियो। आफूलाई बलात्कार मुद्दामा दोषी ठहर गर्ने जिल्ला अदालतको फैसलाविरुद्ध लामिछानेले थुनाबाहिरै रहेर पुनरावेदन गर्न भने पाउने भएका छन्। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ अनुसार उनले यो सुविधा पाउने भएका हुन्।

### दोमनमा...

मुख्यमन्त्रीहरु शुक्रबार हेटौंडामा भेला भए।

वाग्मती प्रदेशको हेटौंडामा शुक्रबार बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकमा संघीय सरकारसँग मुख्यमन्त्रीहरुले साझा गुनासो शेयर गरे। अधिकार नपाएको साझा निष्कर्ष निकाले। साथै गुनासो पनि गरेका छन्, विरोध गरौं संघीय सरकार आफ्नै पार्टीहरुको छ। विरोध नगरौं अधिकार पाइएको छैन। फेरि पनि मुख्यमन्त्रीहरुले अधिकार प्राप्तीका लागि दाबाब सिर्जना गर्ने प्रयास गरेका छन्।

पूर्ववत निर्णय शीघ्र कार्यान्वयनका लागि साझापत्र तयार गरी प्रधानमन्त्रीसमक्ष पेस गर्ने लगायतका निर्णय मुख्यमन्त्रीहरुको रहेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा २०८० असार १६ गते पोखरामा बसेको परिषद्को पहिलो बैठकबाट नेपालको संविधानको कार्यान्वयन प्रभावकारिता र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण तथा नागरिकमा प्रवाह हुने सेवा एवम् विकासमा शीघ्रता एवं प्रभावकारिता ल्याउने लगायत निर्णय गरेको थियो।गत असार १५ गते पोखरामै बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकले पारित गरी प्रधानमन्त्रीसमक्ष पेस गरिएको १७ बुँदे साझापत्र कार्यान्वयनको अवस्था पनि कमजोर रहेको अनुभूति गर्दै शीघ्र कार्यान्वयनका लागि पुनः अनुरोध गर्ने, प्रदेश तथा स्थानीय तहमा जाने समानीकरण अनुदानको रकम वृद्धि गर्न आवश्यक कानुनी व्यवस्था मिलाउन अनुरोध गर्ने लगायतका निर्णय मुख्यमन्त्रीहरुको छ। यसअघि मधेश प्रदेश सरकारले प्रधानमन्त्रीसमक्ष गत कातिक २३ गते प्रस्तुत गरेको ध्यानाकर्षणपत्र र मधेश प्रदेशसभाले पारित गरेको संकल्प प्रस्तावबमोजिमका माग पूरा गर्न ऐक्यबद्धतासहित अनुरोध गर्ने लगायत ९ बुँदे निर्णय मुख्यमन्त्रीहरुको छ।

# मकै पोलेर जीवन चलाउँदै जीतबहादुर

**सपना बोहरा/मध्यान्ह**
दाङ, १३ पुस



लमहीको व्यस्त बजारको एक छेउमा मकै पोल्न भ्याइ नभ्याइ छ लमहीका जीत बहादुर खड्कालाई। मकै खाने हो भन्दै उनी मकै पोल्न व्यस्त हुन्छन्।

आगोको रापमा मकै पोल्दै खुवाउँदै गर्ने खड्का पुस महिनाको चिसो मौसममा पनि पसिना छोडेका हुन्छन्। पसिनाको कमाइ खान त्यति सहज छैन। उनी बिहानको समयमा मकै खोज्न गाउँतिर जान्छन्। दिउँसो मकै लिएर पोल्न थाल्छन्। रात नै किन नपरोस् मकै नसकिँदासम्म पोलिरहन्छन्। मकै खाने मानिसहरुको भिड पनि उतिकै हुन्छ। न चैत वैशाखको प्रचण्ड गर्मीले छुन्छ, नत पुस माघको चिसो सिरेटोले नै। वर्षा याममा पनि मकै पोलिरहन्छन्। यसरी नै उनको पाँच वर्ष बितिसकेको छ।

प्रति घोगा १० रुपैयाँबाट बेच्न शुरु गरेका खड्काले अहिले ३० रुपैयाँमा बेच्ने गर्छन्। उनले मकै पोल्ने ठाउँमा भने २५ रूपैयाँ बेच्छन्।

मकै पोलेर राम्रो आम्दानी भएको उनी बताउँछन्। 'हरियो मकै पाउन मात्रै पर्छ' खड्काले भने'न समयमा पनि बिक्छ।'

उनले दैनिक पाँच सय बढी हरियो मकै पोलेर बेच्ने गरेको बताउँछन्। पछिलो समय दाङमा बेमौसममा पनि मकै खेति गर्न थालेका छन्। त्यसकारण पनि मकै बाह्रै मास पोलेको मकै खान पाइन्छ। 'प्रति मकैको घोगाबाट पाँच रुपैयाँ नाफा हुन्छ' खड्काले भने,'मकै पोलेर घर व्यवहार टारेकै छु, सन्तुष्ट छु।' खड्काको एक जना सहयोगी पनि छन्। खड्काले मकै पोल्छन्। पोलेको मकै लिएर ती सहयोगीले पूर्व पश्चिम आवतजावत गर्ने सवारी साधनमा लगेर बेच्छन्। राति अबेरसम्म पनि खुल्ला रहने लमही बजारमा पोलेको मकैले राम्रो बजार लिएको छ। पोलेको मकै खान धेरै मान्छे आउने गरेको उनले बताए। 'पोलेको मकै खान धेरै माग हुन्छ,' उनले भने ,'मकै पुऱ्याउन सकिँदैन' जति धेरै मकै लिएपनि केहि समयमै सकिने उनले बताए।

'धेरैजसो त मकै पुऱ्याउन नसकेर फर्काउन परेको छ' उनले भने 'दैनिक पाँच सय बढी मकै बेच्दा पनि पुग्दैन।' दाङ देउखुरी, सतबरिया लगायतका क्षेत्रबाट हरियो मकै लिएर पोलेर बेच्छन्।

### अमेरिका...

पठाइएको बताएको छ। यस्तै प्रहरीले टेकराज पाण्डेलाई वैदेशिक रोजगारीको लागि माल्टा पठाइदिन्छु भन्दै प्रलोभनमा पारेर ठगी गरेको उजुरीका आधारमा जुम्लाको हिमा गाउँपालिका वडा नं. ५ घर भइ हाल काठमाडौं महानगरपालिका वडा नं. १५ स्वयम्भु बस्ने धर्मेन्द्र शाहीलाई पक्राउ गरेको हो।

शाहीले पाण्डेलाई मासिक २ लाख रुपैयाँ तलब हुने प्रलोभन देखाएर १२ लाख रुपैयाँ लाग्ने बताएका थिए। त्यसपछि पाण्डेबाट १२ लाख रुपैयाँ नै लिएर शाही सम्पर्कविहीन भएका थिए। प्रहरीले शाहीलाई काठमाडौंको बानेश्वरबाटबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।


## युएईमा रोजगार | कम्पनी: UNIFORCE GENERAL SECURITY GUARD SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३६८ L.T. No.: 297442

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 90 | 0 | | 1200 | ४३,३८० | | | | | | | |

अन्तर्वार्ता होटल लण्डन, इटहरीमा २०८० पुस २१ गते (6 January 2024) मा हुनेछ।
अन्तर्वार्ता पोखरा होटलमा २०८० पुस २२ गते (7 January 2024) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २३ गते (8 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

SHRINKHALA OVERSEAS PVT. LTD.
Gov. Lic No.: 1603/079/080
pinglasthan gaushala9 Kathmandu, Nepal, Tel: 01-5914606
Email: pmoverseas786@gmail.com, Web.: www.shrinkhalaoverseas.com



## कतारमा रोजगार | कम्पनी : ARSALAN NIYAZ TRADING
शहर: Doha

पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३६९ LT. No.: 297380

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 9 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 3. | General Clean Worker | 1 | 0 | | 1000 | ३६,४७० | | | | | | | |
| 4. | Representative | 2 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 5. | Salesman | 14 | 0 | | 1800 | ६५,६४६ | | | | | | | |
| 6. | Supervisior | 11 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २१ गते (6 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

तिरूपति इन्टरनेशनल म्यानपावर प्रा. लि.
Govt. Lic No.: 847/066/067
बत्तिसपुतली, गौशाला-९, काठमाडौं, नेपाल, फोन नंः ४४९८८२२, फ्याक्स नं.: ४४३७५००
Mobile: Humakant Parajuli 9823511252



## कुवेत र कतारमा रोजगार
कम्पनी: SUGAR BEAUTY SALON CO.
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३७० LT. No.: 297370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६४,८५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 5 | | 150 | ६४,८५७ | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 150 | ६४,८५७ | | | | | | | |

२. कम्पनी: LULUAT ALMOSTAQBAL CO. FOR TRADING AND GENERAL CONSTRUCTION शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३७२ LT. No.: 297369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 0 | 2 | सम्बन्धित काममा दक्ष | 90 | ३८,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 3 | 0 | | 110 | ४७,५६२ | | | | | | | |
| 3. | Sales Girl | 0 | 2 | | 120 | ५१,८८६ | | | | | | | |

३. कम्पनी: GREEN UNITED W.L.L शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/०९/१३ चलानी नं.: ६०२१२३७१ LT. No.: 297371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant/auditor | 0 | 2 | सम्बन्धित काममा दक्ष | 3600 | १३१,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gardner | 2 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 3. | General Clean Worker | 0 | 1 | | 1200 | ४३,७६४ | | | | | | | |
| 4. | General Supervisior | 0 | 1 | | 2500 | ९१,१७५ | | | | | | | |
| 5. | Receptionist | 0 | 2 | | 1500 | ५४,७०५ | | | | | | | |
| 6. | Representative | 1 | 0 | | 2200 | ८०,२३४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २१ गते (6 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9823461212 | 9828978131
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com



## लाइसेन्स हराएको सूचना

भक्तपुरबाट काठमाडौं जाने क्रममा पर्यटन विभागद्वारा मेरो नाममा जारी गरिएको १५४४१ नम्बरको ट्रेकिङ्ग गाइड लाइसेन्स, गाइड बुकका साथै अन्य महत्वपूर्ण कागजात हराएको हुँदा पुस १५ गतेसम्ममा फिर्ता गराउनु भएमा पाउनु हुने महानुभावलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।

सम्पर्कको लागि
कर्म लामा
सम्पर्क नं. : ९८४१९२७३७२
बलेफी गाउँपालिका-३, सिन्धुपाल्चोक



## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

# दोलखा महोत्सवले देशको आर्थिक पुनर्जागरणको नयाँ अभियान थालनी गर्नेछ : प्रधानमन्त्री

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १३ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड) ले दोलखा महोत्सवले दोलखासहित देशभर आर्थिक पुनर्जागरणको नयाँ अभियानको थालनी गर्ने विश्वास व्यक्त गरेका छन् ।

दोलखा उद्योग वाणिज्य संघको अगुवाईमा जिल्लाका सरकारी, सहकारी, सामुदायिक तथा निजी क्षेत्रका संस्थाहरुको बृहत सहभागितामा शुक्रबारबाट शुरु भएको बृहत दोलखा महोत्सव २०८० को उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले दोलखा महोत्सव देशको आर्थिक पुनर्जागरणको एउटा हिस्सा बन्ने विश्वास व्यक्त गरे ।

'दोलखा महोत्सवको दिव्य-दृष्टि, आर्थिक क्रान्तिको नयाँ सृष्टि' भन्ने नारासहित आयोजना भएको बृहत दोलखा महोत्सव नेपालले लिनुपर्ने आर्थिक समृद्धिको एउटा अभियानको उदाहरणीय थालनीका रुपमा स्थापित हुनुपर्ने प्रधानमन्त्री प्रचण्डले बताए ।

स्थानीय सामर्थ्यमा आधारित दिगो आर्थिक विकासको ढाँचा निर्माण गर्न दोलखा सफल हुने विश्वास व्यक्त गरेका




प्रधानमन्त्री प्रचण्डले स्वदेशी पूँजीले ठूला स्वदेशी आयोजनाहरु सम्पन्न गर्न सकिन्छ भन्ने उदाहरण दोलखाको अपर तामाकोशी आयोजनाले नै दिएको स्मरण गराए ।

अब स्थानीय पूँजी, स्रोत, श्रम र संरचनामा आधारित आम रोजगार तथा स्वरोजगार सिर्जना गर्नुपर्ने जिकिर गर्दै उनले यसका लागि स्थानीय सरकार, सहकारी, समुदाय र निजीक्षेत्रको एकतावद्ध साझेदारी र सहकार्य अनिवार्य हुने बताए । आर्थिक समृद्धिको अभियानमा नेपाल सरकारकोतर्फबाट आवश्यक पर्ने नीतिगत व्यवस्था, प्राविधिक सहयोग र स्रोत समन्वय जस्ता विषयमा सरकारले पूर्ण सहयोग गर्ने प्रधानमन्त्री प्रचण्डले प्रतिबद्धता व्यक्त गरेका छन् ।

भारत चीन जोड्ने अन्तर सीमा सम्बन्ध, संस्कृति र अर्थतन्त्र विकासमा विशेष योगदान पुर्‍याउनसक्ने क्षेत्रहरुको विकासलाई सरकारले प्राथमिकतामा राख्नेको दाबी गर्दै उनले दक्षिण एसियाली सभ्यताकै बहुआयामिक विशेषता बोकेको चीनदेखि दोलखाको तामाकोशी करिडोर हुँदै भारत जोड्ने छोटो दूरीको उत्तर-दक्षिण अन्तरदेशीय राजमार्ग विस्तारलाई सरकारले राष्ट्रिय महत्वको दीर्घकालीन योजनामा समावेश गरिसकेको जानकारी दिए ।

देशका अन्य प्रमुख पर्यटकीय स्थलहरु जस्तै दोलखा क्षेत्रमा पनि राष्ट्रिय तथा अन्तर राष्ट्रिय महत्वका अनेकौं प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरु भएकोले तिनलाई नयाँ गन्तव्यको रुपमा विकास र विस्तार गर्न सरकारले विशेष भूमिका खेल्ने प्रधानमन्त्री प्रचण्डले प्रतिवद्धता जनाए । दोलखा-काठमाडौंको राजमार्गलाई पर्यटनमैत्री बनाउनुका साथै अन्य पर्यटकीय पूर्वाधार विस्तार गर्न सरकारले प्रयाप्त ध्यान दिने आश्वासन दिएका प्रधानमन्त्री प्रचण्डले अघिल्लोपटक आफ्नै प्रधानमन्त्री कालमा दोलखामा फिल्म सिटी निर्माणका लागि योजना स्वीकृत गरी जग्गाको भोगाधिकारसमेत प्रदान गरिएको र अब उक्त आयोजनालाई पूर्णता दिन सरकारको तर्फबाट सबैखाले सहयोग जुटाइने बताए ।

बृहत दोलखा महोत्सवले सिर्जना गर्ने सन्देशले देशको अर्थतन्त्रलाई नयाँ अभियानका रुपमा गतिशील बनाउने विश्वाससहित प्रधानमन्त्री प्रचण्डले पूर्ण सफलताको कामना समेत गरेका थिए ।

# 'जुम्लाका आठ वटा स्थानीय तहको बजेट महिलामैत्री छैन'



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १३ पुस

बजेट मुलुकको आय/व्यय निर्धारण गर्ने माध्यम हो । मुलुकमा जति पनि विकास निर्माणका काम हुन्छन्, बजेटमा उल्लेख भएअनुसार नै हुन्छन् ।

यस अर्थमा बजेट मुलुकको आर्थिक पाटो सन्तुलनमा राख्ने हिसाबले निकै महत्वपूर्ण मानिदै आएको छ । तर विडम्बना, जुम्लाको कुनै पनि पालिकामा लैंगिकमैत्री बजेट छैन ।

सर्वोदय नेपाल जुम्लाले महिलाको आयआर्जन र नेतृत्व विकासमा क्षेत्रमा काम गर्दै आएको छ । जुम्लामा महिलाले केही गर्न सक्दैनन् भन्ने मान्यता अहिले पनि जारी छ । महिला तथा बालबालिका शाखालाई बजेट न्यून विनियोजित गरिन्छ । संघीयतापछि स्थानीय तहमा महिला सहभागिता बढेपनि महिलाका समस्या भने समाधान हुन सकेका छैनन् ।

सबै पालिकामा उपप्रमुख महिला नै छन् । कार्यापालिका सदस्यमा पनि महिला छन् । पालिकाभित्रै महिला तथा बालिकालिका शाखा पनि छ । संख्यागत हिसाबमा महिलाको सहभागिता बाक्लिएको देखिन्छ । तर बजेट छुट्याउने ठाउमा उनीहरुको पहुँच नपुगेको देखिन्छ ।

नेपाल सरकारले नै आफैंले घोषणा गरी लागू गर्नुपर्ने महसुस गरेको लैंगिक उत्तरदायी बजेटको अवधारणा मात्रै स्थानीय तहले हुबहु कार्यान्वयनमा ल्याउने हो भने पनि बजेट महिलामैत्री भएन भन्नुपर्ने अवस्था अन्त्य हुने देखिन्छ ।

त्यस्तै यसपटक सर्वोदय नेपाल जुम्ला नामक गैरसरकारी संस्थाले जुम्लाका सबै स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका शाखाका प्रमुख, पालिकाका उपाध्यक्षहरुबीच लैंगिक समानता तथा लैंगिकमैत्री बजेट निमार्णका समस्या र चुनौतीका विषयमा दुई दिने क्षामता अभिवृद्धि कार्यक्रम गरेको छ । नीति तथा कार्यक्रममा सुन्दा धेरै सुन्दर पक्ष लाग्छ, तर बजेट कार्यान्वय महिला केन्द्रित हुँदैन ।

### यस्तो छ आठ स्थानीय तहको महिला शाखाको बजेट


त्यस्तै त्यो कार्यक्रममा सहभागी भएका महिला तथा बालबालिका शाखाकामा कार्यरत कर्मचारीहरुले पालिकाले नै महिलाको लागि बजेट छुट्याउन कन्जुस्याई गरेको बताएका छन् । त्यस्तै पातारासी गाउँपालिकाले महिला तथा बालबालिका शाखाको लागि भनेर यस पटक ६ लाख बजेट विनियोजन गरेको छ ।

त्यस्तै गुठी चौर गाउँपालिकाले ५ लाख, तातोपानीले ७ लाख चन्दननाथ नगरपालिकाले १५ लाख हजार, सिजाले २ लाख ५० हजार, कनका सुन्दरीले ४ लाख, तिला गाउँपालिकाले ५ लाख र हिमा गाउँपालिकाले बजेट नै छुट्याएको छैन् । त्यस्तै तिलागाउँ पालिकाका उपाध्यक्ष गोरीकला बुढाले भनिन्, 'महिला केन्द्रित व्यवसाय आदि शीर्षकमा कार्यक्रम तथा बजेट व्यवस्था गर्न खोजेका हुन्छौं । तर हाम्रो कुरा सुनाइ हुँदैन । हामी जनप्रतिनिधि भएको भएपनि बजेट महिलामैत्री गर्न नसकिएको हो । जसले महिला सशक्तीकरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्भावना थियो । तर बजेटले यो सम्भावनालाई पछाडि नै छाडेको छ ।' त्यस्तै पातारासी गाउँपालिकाका उपाध्यक्ष जनमाया रोकायाले भनिन्, 'कुनैबेला थियो, महिलाले केही गर्न सक्दैनन् भन्ने मान्यता थियो । अहिले पनि परिवर्तन हुन सकेको अवस्था छैन' उनले थपिन्,'हामी महिला जनप्रतिनिधिहरु सबै साझा मुद्दाका लागि एकजुट हुन जरुरी छ । महिला आर्यआर्जनका लागि स्थानीय सरकारले आधा भन्दा बढीको संख्यामा रहेका महिलालाई बजेटमार्फत विशेष सम्बोधन गर्नुपर्ने आवश्यकता छ । त्यो हुन सकेको छैन ।' त्यस्तै सर्वोदय नेपाल जुम्लाका अध्यक्ष नारायणी चौलागाईले लैंगिक समानता दिगो विकासको लागि एक महत्वपूर्ण आधार भएको बताइन् ।

उनले भनिन्,'हामी सबैले महिलाका बालबालिकाहरुका साझा मुद्दाको लागि लैंगिक उत्तरदायी बजेटको विनियोजित हुन जरुरी छ ।' त्यस्तै सर्वोदयका कार्यकारी निर्देशक कमल खत्रीले ग्रामीण समुदायका महिलाहरूमा लैंगिक असमानता बढ्दै गएको बताए ।

उनका अनुसार पालिकाका महिला तथा बालबालिकाका शाखाले अहिले सम्म कार्यविधि बनाउन सकेका छैनन् । यस कारणले सामाजिक क्षेत्रका मुद्दा ओझेलमा परेका छन् । उनले भने, 'महिलालाई मूल प्रवाहमा ल्याउनका लागि गाउँपालिका नै लाग्नुपर्ने देखिन्छ ।'

# पहिले शिकारी, अहिले संरक्षणकर्मी !



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १३ पुस

सुन्दा अचम्म लाग्न सक्छ । तर सत्य हो, जिविकोपार्जनका लागि दशकौंदेखि जंगली जनावरको शिकार गर्दै आएका बर्दिया राष्ट्रिय निकुञ्ज मद्यवर्ती क्षेत्र अन्तर्गत सूर्खेत, बर्दिया जिल्ला सिमानाका बासिन्दाहरु यतिबेला आफैं जंगली जनावरको संरक्षणमा जुटेका छन् ।

सशत्र द्वन्द्वकालदेखि नै जिविकोपार्जनका लागि घरेलु हतियारको प्रयोगगरी जंगली जनावर मारेर सुकुटी बनाउँदै स्थानीय बजार र भारतसम्म पुर्‍याउने बर्दिया राष्ट्रिय निकुञ्ज मद्यवर्ती क्षेत्रका बासिन्दा पछिल्लो समय आफैं संरक्षणको नेतृत्व गरिरहेका छन् । बर्दिया राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोषले जीविकोपार्जनका लागि वैकल्पिक व्यवस्थाका साथै जंगली जनावरको संरक्षण गर्नुपर्छ भन्ने जनचेतनाका कार्यक्रम ल्याएपछि उनीहरु संरक्षणमा जुटेका हुन् ।

चोरी शिकारी गर्नु दण्डनीय अपराध, बन्यजन्तु हाम्रा गहना हुन् भन्ने चेतनाको विकास भएसँगै आफुहरु संरक्षणमा जुटेको सुर्खेत बराहताल गाउँपालिका -३, तेलपानीका रणबहादुर बुढा बताउँछन् । संरक्षणमा सघाए बापत गाउँविकास हुने र आय आर्जनका कार्यक्रम सञ्चालन हुने आश्वासन पाएपछि लेकगाउँ, नर्सिङकाँडा, हर्रेकाँडा, केलाडी लगायत बस्तीका स्थानीयहरुले ६८ थान भरुवा बन्दुक बर्दिया राष्ट्रिय निकुञ्जलाई बुझाएका छन् ।

कृषि पशुपालन र वैदेशिक रोजगारी त्यहाँका स्थानीयको दैनिकी हो । गुजाराका लागि भारतका विभिन्न स्थानमा पुगेर मजदुरी गर्छन् । यसपटक दशैं मनाउन गाउँ फर्किएका स्थानीयहरु भारतको गढवाल मजदुरी गर्न जाने तयारीमा छन् ।

आफ्ना बाउ-बाजेले समेत गाउँमा सिकार गर्ने गरेको बताउँदै गाउँलेलाई संरक्षण गरेबापत लाभ मिल्छ भन्ने जानकारी नभएको र यहाँका बस्तीलाई निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गर्ने बेला आएका निकुञ्ज कर्मचारीले विकास निर्माण हुने, गाउँमा सडक बन्ने र खानेपानी उपलब्ध हुने आश्वासन दिएपछि आफुहरु संरक्षणमा जुटेको बराहताल-३, लेकगाउँका गंगाराम सुनारले बताए । जिविकोपार्जन लागि अहिले चुरे क्षेत्रमा होमस्टे सुरक्षित खोर, फलफुलका बिरुवा, न्यून व्याजदरमा ऋण उपलब्ध गराउने लगायतका सहयोग गर्दै स्थानीयहरुलाई संरक्षणमा जुट्न जगाएको राष्ट्रिय प्रकृति संरक्षण कोष बर्दियाका प्रमुख अजित तुम्वाहाम्फेको भनाइ छ ।

चुरेबाट बर्दिया निकुञ्जसँगै तराईका फाँटहरु सुर्खेत उपत्यका हिमालहरु सहजै देख्न सकिन्छ । यो अत्यन्तै पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । तर बाटो घाटो, खानेपानी, लगायत अन्य पूवाधारको विकास नहँदा घण्टौं हिंडेर ओखतीमूलो गर्न कैलाली बर्दिया र सुर्खेत पुग्नुपर्ने स्थानीयको कहर छ । यसर्थ, त्यहाँका स्थानीयहरुलाई भोट बैंकको रुपमा मात्र प्रयोग नगरी भौतिक विकासमा राज्यको संयन्त्र जुट्ने हो भने तेलपानी सुनको खानी बन्ने निश्चित छ ।

# ट्याक्टर व्यवसायीका समस्या सामाधान गर्न छलफल



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १३ पुस

गौर नगरपालिकास्थित लालबकैया नदीको बगर र आफ्नै निजी खेतबाट घरायसी प्रयोजनको लागि माटो खन्दा प्रहरीले ट्याक्टर समातेर जिल्ला समन्वय समितिमा बुझाउन थालेपछि स्थानीय आक्रोशित भएका छन् ।

जिल्ला समन्वय समिति रौतहटको आदेश भन्दै प्रहरीले ट्याक्टर समातेर जिल्ला समन्वय समितिमा बुझाउने र दुःख दिने जस्ता कार्यप्रति आक्रोशित ट्र्याक्टर धनीले जिल्ला समन्वयका सभापति राम अयोध्या यादवसँग समस्या सामाधानको लागि शुक्रबार छलफल गरेका छन् ।

गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहसहित नेपाल पत्रकार महासंघ रौतहटका सहसचिव संजय सहनीको रोहवर र सयकडौं ट्याक्टर धनीको उपस्थितको भएको छलफलमा आफुलाई गौर नगरपालिकाबाट चाहिने आवश्यक पत्र र कागजात आइसकेको शुक्रबार मात्रै जानकारी भएकोले आउने मंगलबार प्रमुख जिल्ला अधिकारीसहित बोर्डको बैठक बसेर ट्याक्टर व्यावसायीको समस्या सामाधान गर्ने सभापति यादवले प्रतिबद्धता जनाएका छन् ।

नगरप्रमुख साहले ट्याक्टर व्यवसायीलाई सहयोगको लागि आफुबाट हुने सम्पूर्ण प्रक्रिया पूरा गरेपनि जिल्ला समन्वय समितिले गरेको ढिलासुस्तीका कारण समस्या बल्झिएको बताए ।

नगर प्रमुख साहले सभापति यादवसँग समस्याप्रति गम्भीर भइ समाधानतर्फ लाग्न आग्रह गरेका छन् ।

नगर प्रमुख साहले भने,'नगरपालिकाले आफ्नो पैसा खर्चेर वातावरण विज्ञलाई बोलाई लालबकैया खोलाको अवस्था निरीक्षण र अवलोकन गराइ १५ पन्नाको वातावरण परीक्षण प्रतिवेदन पठाएको जानकारी गराएका छन् ।

नगरका ट्याक्टर व्यवसायीले स्थानीयको निजी जग्गाबाट माटो खन्दै सदरमुकाम गौरसहित आसपासका ठाउँमा ओसारपसार र बिक्री वितरण गर्ने गर्दछन् ।

'लालबकैया नदीमा वर्षेनी आउने बाढीका कारण खेत पुरेर बगर बनाइदिएको छ । मलिलो माटो पुरिँदा बगरमा बालीनाली हुन्न । खोला गाउँ भन्दा अग्लो भएको छ, माटो खन्दा बालीनाली पनि हुन्छ, नदी पनि गहिरो हुन्छ, अनि बगर बेच्दा आम्दानी पनि हुन्छ, तर अनावश्यक बखेडा झिकेर ट्याक्टर समाउनु राम्रो होइन्' स्थानीय विरेन्द्र सिंह चनौले भने ।


## कुबेतमा रोजगार

कम्पनी: MIA LOUNGE LADIES BEAUTY SALON
शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८०/०९/१३ | चलानी नं.: ६०२१२३६२ | LT. No.: 297412

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 0 | 2 | सम्बन्धित काममा दक्ष | 100 | ४३,२३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | salon Worker | 0 | 3 | | 150 | ६४,८५७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० पुस २१ गते (6 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदाले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

## निलकमल ह्युमन रिसोर्स प्रा. लि.

Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KAWALAN ASAS JAYA SDN.BHD. | शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८०/०९/१३ | चलानी नं.: ६०२१२३६४ | LT. No.: 297429

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Gurad | 81 | 0 | स. काममा दक्ष | 1500 | ४३,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुस २१ र २२ गते (6 & 7 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

## Growth Process International Employment Pvt. Ltd.

श्रम इजाजत पत्र नं. ५१८/०६१/०६२
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 015904622, Fax: 4383347
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com

## कुवेतमा रोजगारको अवसर ।

कम्पनी : Mana ME Restaurant Company
शहर : KUWAIT
पूर्व स्वीकृत मिति:२०८०/०९/१२ | चलानी नं.: ६०२१२३६५ | L.T. No.:29709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK / ASST. CHEF | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,८५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | COFFEE MAKER/BARISTA | 10 | 0 | | 170 | ७३,५०४ | | | | | | | |
| 3. | RESTAURANT / CAFE WAITER / WAITRESS | 7 | 3 | | 150 | ६४,८५७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष २१ गते (6 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

## इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.

श्रम इजाजत नं. २९९/०५८/५९
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com


## खोटे सल्लाको काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०९/१३ गते**

ज्यामिरे तिमिलेपाखा सामुदायिक वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा संकलन भई समूहको घाटगद्दीमा रहेको निम्न परिमाणको खोटे सल्लाको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गनुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छूक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र छुट्टाछुट्टै बोलपत्र खरीद गरी २२ औं दिनको १२:०० बजेभित्र सम्बन्धित समूहको कार्यालयमा सिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना सम्बन्धित सा.व.उ.स.को कार्यालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयको सूचना पाटीमा टास गरिएको छ ।

**तपसिल**

१. वन पैदावारको विवरण:-

| क्र. स. | सा.व.उ.स.को नाम र ठेगाना | जात | गोलिया थान | ग्रेड | परिमाण (क्यु.फिट) | न्यूनतम मूल्य प्रति इकाई | संकलन खर्च | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | छहरेखोला जलुके सा.व.उ.स. शिवालय १ जाजरकोट । | खोटे सल्ला | २३९ | A, B | ४,९६२.४२ | ३५०।- ,२५०।- | १,०५,०००।- | |


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## कथा

# ११६०



■ सुमन तिमिल्सेना



पुसको यो बिहान साह्रै जाडो छ । तुवाँलो उठेर वातावरण धुमिल भएको छ । सडकमा कि त हामी जस्ता साग, गोलभेडा, लसुन, प्याज आलु बेच्नेहरू छन्, कि त क्याम्पस जान हिँडेका विद्यार्थीहरू छन् । यात्रु कुरिरहेका गाडी त्यस सम्बद्ध मजदुरहरू पनि छन् ।

म कराइरहेछु, "पचासमा तीन मुठ्ठा साग ! ककनीको साग हजुर लैजानुस हजुर ! सस्तो हजुर !"

नेपालटार पुलनेर एकजना अधबैंसे महिला देख्छु । उनको पहिरनले झल्काउछ उनी शहरिया हुन् । यस्तो लाग्थ्यो उनको गाउँ छोडेको दर्जनौं वर्षहरू बितिसके । अधबैंसे महिला मेरा नजिक आएपछि सोध्छिन्, "तपाईंको घर कता हो ? चिने जस्तो लाग्यो नि हौं भाई ।"

"नुवाकोट हजुर", म जवाफ दिन्छु ।

"भाइको नाम रमेश हो ?" अधबैंसे महिलाले मलाई चिनेकोमा चक्कित पर्छु ।

सोध्छिन्, "तुफानलाई चिन्नु हुन्छ ?"

"अहो ! कमरेड तुफानलाई नचिन्ने को होलान् र हाम्रो भूगोलमा ?" म एकै सासमा भन्छु । फ़ेरि कराउँछु, "सयमा तीन मुठ्ठा !"

"म तुफानको श्रीमती", उनी भन्न थाल्छिन्, "तपाईंले तरकारी बेच्नुहुन्छ भनेर तुफानलाई थाहा छ ? श्रममा जोडिनु राम्रो हो भनेर उनी मलाई भनिरहन्छन् । म पनि श्रम जोडिएको छु रमेश । बुढाले अति गरेपछि एउटा सानो बोर्डिडतिर जोडिएको छु ।"

"अनि मेरोबारे के भन्नुहुन्छ तुफान कमरेडले ?", मलाई जिज्ञासा लाग्छ ।

"जनयुद्धताका तपाईंको घरमा सेल्टर बसेको कुरा सुनाउनु हुन्छ । डाँडागाउँ भिडन्तताका तपाईंकै परिवारको कारण बाँचेको कुरा पनि सुनाउनु हुन्छ । तपाईं पनि विद्यार्थीमा राम्रै मान्छे हुनुहुन्थ्यो रे ! अस्ति संसदमा उहाँ युद्धबाट पीडित भएकोहरूको पक्षमा दुई मिनेट बोल्नु भयो । सुन्नु भयो नि ?"

महिलाले लामो बेलिबिस्तार लगाएपछि म झस्किन्छु । जनयुद्धलाई विर्सिसकेकाहरूले युद्धको बारेमा संसदमा के बोले होला भनेर मनमनै सोच्छु ।

कराउँछु, "पचासमा तीन मुठ्ठा हजुर !"

"भाइ व्यस्त जस्तो लाग्यो, मलाई छ मुठ्ठा राख्दिनु", उनी मेरो उसैगरी बोल्छिन्, "नगरपालिका उप मेयर हाम्रै पार्टीका हुन । यसरी सडक अबरुद्ध नगर्नुस् । बरु सटर लिएर काम गर्नु । कानुन कडा छ ।"

"म भन्छु हुन्छ हजुर सकेसम्म सटरमा नै तरकारी बेच्ने सोचेको छु", मलाई उनको आदर्श सुन्न फुर्सद थिएन । मलाई भ्याउ लागिरहेको थियो ।

उनी साग लिएर बिदा हुन्छिन् । म तुफान, हुरी र आगो बलेको त्यो समयमा पुग्छु । ममा एकप्रकार क्रान्तिकारी भाव उपन्न हुन्छ ।

